**NEPALI NEWS BULLETIN**

**ALL INDIA RADIO GANGTOK**

**BROADCAST: 19:25hrs** **Date: 26.05.2026**

प्रमुख समाचार...............

1. विदेश मन्त्री डा. एस. जयशंकरको अध्यक्षतामा क्वाड विदेश मन्त्रीहरूको बैठक आज नयाँ दिल्लीमा सम्पन्न भयो।

2. राष्ट्रपति द्रौपदी मुर्मु आज तीन दिने भ्रमणमा सिक्किम आइपुग्नुभयो। उहाँले अर्किडेरियम र Namgyal Institute of Tibetology को भ्रमण गर्नुभयो ।

3. गृहमन्त्री अमित शाहले आज राजस्थानको बीकानेर नजिकैको सान्चु चौकीमा "प्रहरी सम्मेलन" लाई सम्बोधन गर्दै "अपरेशन सिन्दूर" को क्रममा सीमा सुरक्षा बल (BSF) को भूमिकाको प्रशंसा गर्नुभयो।

4. युवा मामिला तथा खेलकुद मन्त्री मनसुख मण्डावियाले आज भन्नुभयो, 2036 को Olympic खेल आयोजना गर्ने भारतको दावेदारीलाई ध्यानमा राख्दै भविष्यको ओलम्पिक खेल को सूचीमा योगासनलाई समावेश गर्न जोड दिइनेछ ।

5._आईपीएल प्लेअफ क्रिकेटमा धर्मशालामा क्वालिफायर वन मुकाबिलामा, वर्तमान च्याम्पियन रोयल च्यालेन्जर्स बेंगलुरुले गुजरात टाइटन्ससँग साँझ 7:30 बजे देखि खेल्नेछ। Toss जितेर गुजरात टाइटन्सले पहिले bowling गर्ने भएको छ।

## क्वाड विदेश मन्त्रीहरूको बैठक

विदेश मन्त्री डा. एस. जयशंकरको अध्यक्षतामा क्वाड विदेश मन्त्रीहरूको बैठक नयाँ दिल्लीमा सम्पन्न भयो। बैठकमा अष्ट्रेलियाकी विदेश मन्त्री पेनी वोङ, जापानीका विदेश मन्त्री तोशिमित्सु मोतेगी र अमेरिकी विदेश मन्त्री मार्को रुबियोले भाग लिएका थिए। बैनबारे श्री जयशंकरले ले भन्नुभयो..

### क्वाड वक्तव्य- ऊर्जा

भारत, अस्ट्रेलिया, जापान र अमेरिकाले  आज सु- संचालित, स्थिर, पारदर्शी, सुरक्षित र लचिलो ऊर्जा बजार सुनिश्चित गर्न प्रतिबद्धता दोहोर्याए। विशेषगरी विश्वव्यापी ऊर्जा बजारमा अवरोधहरूको अवधिमा, एकअर्काको ऊर्जा सुरक्षा आवश्यकताहरूलाई समर्थन गर्न सहयोगलाई तीव्र बनाउन देशहरू सहमत भए।

### क्वाड संयुक्त वक्तव्य

ती देशहरूले कानूनको शासन, सार्वभौमिकता र क्षेत्रीय अखण्डताको रक्षा गर्ने प्रतिबद्धतालाई पुनः पुष्टि गरेका छन्। क्वाड विदेश मन्त्रीहरूको बैठकको संयुक्त वक्तव्यमा भनिएको छ कि क्वाड राष्ट्रहरूले पश्चिम एसियाको स्थितिबारे छलफल गरे र कूटनीतिक प्रयासहरूको समर्थन गर्दै क्षेत्रमा दिगो शान्तिको आशा व्यक्त गरे। उनीहरूले नौवहन अधिकार र स्वतन्त्रता, होर्मुज जल – जमरू – मध्य र लाल सागर हुँदै विश्वव्यापी वाणिज्यको सुरक्षा र  निर्बाध प्रवाहको सम्बन्धमा समुद्रको कानून सम्बन्धी संयुक्त राष्ट्र संघको महासन्धि मा प्रतिबिम्बित अन्तर्राष्ट्रिय कानूनको पालना गर्ने महत्वलाई दोहोर्याए।

### QUAD- ब्रीफिंग

क्वाड राष्ट्रहरूले आज नई दिल्लीमा का आयोजन किया गया क्वाड विदेश मंत्रालय की बैठकमा गठबंधन, एजेंडाको प्रगतिको समीक्षा गरे और हिंद-प्रशांत संबद्ध क्षेत्रीय रा विश्व सहयोग विकासको बारे में चर्चा गरे।

बैठक को समापन पच्छि पत्रकार सम्मेलनलाई सम्बोधन गारदै विदेश मंत्रालयका अतिरिक्त सचिव के नागराज नायडूले भने, बैठकले स्वतन्त्रता और खुला हिन्द-प्रशांत प्रति क्वाड को पुनःप्राप्ति पुष्टि गयो। इनले भने कि चल्फल समुद्री र अंतर्राष्ट्रीय सुरक्षा, आर्थिक समृद्धि, सुरक्षा र महत्वपूर्ण तथा उदीयमान प्रविधिहरु र ह्युमैनिटी सहायता र स्वम विपद प्रतिक्रिया सहित क्वाड सहायताका चार स्तंभहरू वारिपरि केन्द्रित थियो।

विदेश मंत्रीहरूले सीमापार भाग में सबै रूप र अभिव्यक्तिहरूमा भागीरथीको कड़ा निन्दा गरे गेरेको पनि श्री नायडूले बताए।..

## भारत- अमेरिका – महत्वपूर्ण खनिजहरू

भारत र अमेरिकाले आज महत्वपूर्ण खनिजहरू र दुर्लभ मृदा तत्वहरूको आपूर्ति, खनन र प्रसंस्करण सुनिश्चित गर्ने उद्देश्यले प्रमुख द्विपक्षीय ढाँचामा हस्ताक्षार गरे। यो ऐतिहासिक सम्झौता दिल्लीमा विदेश मन्त्री मार्को रूबियो बीच भएको थियो।

## राष्ट्रपति-सिक्किम भ्रमण

राष्ट्रपति द्रौपदी मुर्मु आज तीन दिने भ्रमणमा सिक्किम आइपुग्नुभयो। उहाँले अर्किडेरियम र Namgyal Institute of Tibetology को भ्रमण गर्नुभयो। राज्यपाल ओमप्रकाश माथुर, मुख्यमन्त्री प्रेम सिंह तामाङ र अन्य विशिष्ट व्यक्तिहरूले राष्ट्रपतिलाई अर्किडेरियममा स्वागत गर्नुभयो, जुन अर्किड खेती र प्रदर्शन गर्न तयार पारिएको एक समर्पित जलवायु-नियन्त्रित GREENHOUSE हो। राष्ट्रपतिले अर्किडेरियममा राज्यको समृद्ध पारिस्थितिक र पुष्प सम्पदाको अवलोकन गर्नुभयो ।

भोलि राष्ट्रपतिले नथुला Passको भ्रमण गर्नुहुनेछ र सिक्किम विश्वविद्यालयको दीक्षान्त समारोहमा पनि भाग लिनुहुनेछ । आफ्नो भ्रमणको अन्तिम दिन, उनले सिक्किम पुलिसलाई भारतको राष्ट्रपतिको Police Colour पदक प्रदान गर्नुहुनेछ। सिक्किम यो प्रतिष्ठित पुरस्कार प्राप्त गर्ने 15 औं राज्य बन्नेछ।

## अमित शाह राजस्थान भ्रमण

केन्द्रीय गृहमन्त्री अमित शाहले आज अपरेशन सिन्दूरको बेलामा सीमा सुरक्षा बल (BSF) को भूमिकाको प्रशंसा गर्दै यसले सीमाको मजबुतीका साथ रक्षा मात्र गरेन तर सीमावर्ती जिल्लाहरूमा बस्ने मानिसहरूको मनोबल पनि बढायो भन्नुभयो। उहाँले सीमा सुरक्षालाई पूर्ण रूपमा सुरक्षित बनाउन BSF सेना, प्रशासन र सतर्क नागरिकहरू सम्मिलित चार स्तरीय ग्रिड सिर्जना गर्ने कुरामा जोड दिनुभयो। श्री शाहले आज राजस्थानको बीकानेर नजिकै रहेको BSF को साँचु चौकीमा प्रहरी सम्मेलनलाई सम्बोधन गर्दै हुनुहुन्थ्यो। श्री शाहले प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा रहेको सरकारमा देशको सुरक्षा ढाँचामा ठूलो परिवर्तन आएको छ, भन्नुभयो। सशस्त्र बल र अर्धसैनिक बलहरूको आधुनिकीकरण गरिएको छ भने आतंकवाद विरूद्ध कडा अडान कायम राखिएको छ, उहाँल भन्नुभयो।

**मण्डाविया-योग**

युवा मामिला तथा खेलकुद मन्त्री मनसुख मण्डावियाले आज भन्नुभयो, 2036 को Olympic खेल आयोजना गर्ने भारतको दावेदारीलाई ध्यानमा राख्दै भविष्यको ओलम्पिक खेल को सूचीमा योगासनलाई समावेश गर्न जोड दिइनेछ। नयाँ दिल्लीमा एक पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै श्री मण्डावियाले भने कि अहमदाबादले 4 देखि 8 जून सम्म पहिलो विश्व योगासन च्याम्पियनशिप आयोजना गर्नेछ, जुन देशको परम्परागत कल्याण अभ्यासलाई विश्वव्यापी खेलकुद अनुशासनको रूपमा स्थापित गर्ने महत्वपूर्ण कदम हो।

उहाँले भन्नुभयो हजारौं वर्ष पहिले भारतमा उत्पत्ति भएको योग अहिले विश्वव्यापी रूपमा व्यापक रूपमा स्वीकार गरिँदैछ र धेरै देशहरूमा दैनिक जीवनको अभिन्न अंग बनेको छ। p

**राजनाथ- प्रधानम्त्री मोदी**

रक्षा राजनाथ सिंहले आज नरेन्द्र मोदी  सरकारको १२ वर्ष पूरा भएकोमा यसलाई  भारतको सभ्यता र विकास यात्रामा  परिवर्तनकारी चरणको रूपमा वर्णन गर्नुभयो। सामाजिक सञ्जालमा पोस्ट गर्दै  उहाँले २६ मई २०१४ मा श्री मोदीले  प्रधानमन्त्रीको शपथ ग्रहण गर्दा देशको शासन, दृष्टिकोण, नेतृत्व र राष्ट्रिय संकल्पमा निर्णायक परिवर्तन आएको बताउनुभयो।

**आईपीएल- प्लेअफहरू**

आईपीएल प्लेअफ क्रिकेटमा, वर्तमान च्याम्पियन रोयल च्यालेन्जर्स बेंगलुरूले आज धर्मशालामा हुने क्वालिफायर वनमा गुजरात टाइटन्ससँग खेल्नेछ। खेल साँझ ७.३० बजे शुरू भएकोछ। खेलको विजेता सिधै आईपीएल २०२६ को फाइनलमा पुग्नेछ भने हार्ने टोलीले क्वालीफायर टूमा अर्को अवसर पाउनेछ।

1. विदेश मन्त्री डा. एस. जयशंकरको अध्यक्षतामा क्वाड विदेश मन्त्रीहरूको बैठक आज नयाँ दिल्लीमा सम्पन्न भयो।

2. राष्ट्रपति द्रौपदी मुर्मु आज तीन दिने भ्रमणमा सिक्किम आइपुग्नुभयो। उहाँले अर्किडेरियम र Namgyal Institute of Tibetology को भ्रमण गर्नुभयो ।

3. गृहमन्त्री अमित शाहले आज राजस्थानको बीकानेर नजिकैको सान्चु चौकीमा "प्रहरी सम्मेलन" लाई सम्बोधन गर्दै "अपरेशन सिन्दूर" को क्रममा सीमा सुरक्षा बल (BSF) को भूमिकाको प्रशंसा गर्नुभयो।

4. युवा मामिला तथा खेलकुद मन्त्री मनसुख मण्डावियाले आज भन्नुभयो, 2036 को Olympic खेल आयोजना गर्ने भारतको दावेदारीलाई ध्यानमा राख्दै भविष्यको ओलम्पिक खेल को सूचीमा योगासनलाई समावेश गर्न जोड दिइनेछ ।

5._आईपीएल प्लेअफ क्रिकेटमा धर्मशालामा क्वालिफायर वन मुकाबिलामा, वर्तमान च्याम्पियन रोयल च्यालेन्जर्स बेंगलुरुले गुजरात टाइटन्ससँग साँझ 7:30 बजे देखि खेल्नेछ। Toss जितेर गुजरात टाइटन्सले पहिले bowling गर्ने भएको छ।